दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २१८ | बुटवल | २०८३ भदौ ०२ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday August 18, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# मुख्यमन्त्री आचार्यलाई सन्तोषले पुऱ्याइदिए विश्वासको मत

**जसपा नेपाललाई सरकारबाट हट्न पार्टी केन्द्रले निर्देशन उल्लंघन गर्दै पाण्डेले संसदीय दलको निर्णयबाट चार सांसदले विश्वासको मत दिएर मुख्यमन्त्री आचार्यको पक्षमा बहुमत पुऱ्याइदियो, नत्र बहुमत नजुट्ने निश्चित थियो ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरेका छन् ।

सोमबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री आचार्यले पेस गरेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा ४५ र विपक्षमा २६ मत परेको हो । सरकारलाई बहुमत सिद्ध गर्न ८३ सदस्यीय कायम रहेको प्रदेशसभामा ४२ मत आवश्यक थियो ।

प्रदेशसभामा कायम ८३ सदस्यमध्ये ७१ जना सांसद मतदान प्रक्रियामा सहभागी भएका थिए । मुख्यमन्त्री आचार्यलाई नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टी नेपालले विश्वासको मत दिएका छन् ।

विश्वासको मतको पक्षमा परेको ४५ मत बहुमत रहेकाले मुख्यमन्त्री आचार्यले विश्वासको मत प्राप्त गरेको घोषणा सभामुख तुलाराम घर्तीमगरले गरेका हुन् ।

आचार्यलाई एमालेका २९, नेकपाका १२ मध्ये ११ , जसपा नेपालका ५ मध्ये ४ र राष्ट्रिय जनमोर्चाको १ मत आएको हो ।

प्रदेशसभा बैठकमा आठ जना सांसद अनुपस्थित रहेका थिए । यस्तै ३ जना तटस्थ रहेका थिए । सत्ता पक्ष नेकपाका एक सांसद विदेश भएकाले अनुपस्थित भइन् भने जसपा नेपालकी अम्बिका काफ्ले पनि अनुपस्थित भइन् । प्रदेशसभा सचिवालयका अनुसार अनुराग खड्का, अम्बिका काफ्ले, आशिष कुमार चौधरी, खड्ग बस्नेत, धनलक्ष्मी श्रेष्ठ, निर्मलमदेवी थारु, माया पुन र सरोज थापा बैठकमा अनुपस्थित भए ।

प्रदेशसभामा एमाले, नेकपासँगै जसपा नेपाल, राजमो सत्तारुढ बनेका छन् भने कांग्रेस, जनमत विपक्षमा देखिएका छन् । राप्रपा भने तटस्थ रहेको छ ।

जसपा नेपाललाई सरकारबाट हट्न पार्टी केन्द्रले निर्देशन दिए पनि यहाँको संसदीय दलको निर्णयबाट सरकारलाई समर्थन गर्दै एमाले नेतृत्वको सरकार जोगाएको हो ।

जसपाका चार सांसदले विश्वासको मत नदिएको भए मुख्यमन्त्री आचार्यको पक्षमा बहुमत नजुट्ने निश्चित थियो ।

**पार्टीले विधानअनुसार कारबाही गर्छ : उपेन्द्र यादव**

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टी केन्द्रको निर्णयविपरीत जाने प्रदेश सांसदहरुलाई पार्टीको बैठक बसेर आवश्यक कारबाही गरिने बताए । एक दुई दिनमा बैठक बसेर उचित निर्णय लिइने यादवले जनाए । जसपा नेपालका प्रदेश संयोजक रामअवतार यादवले सांसद सन्तोष पाण्डेयमा चरम सत्तालोलुप चरित्र भएकाले पार्टी केन्द्रको निर्देशनविपरीत मुखयमन्त्रीलाई विश्वासको मत दिएकाले कारबाही गर्न पार्टी केन्द्रलाई आफूले जानकारी गराइसकेको जानकारी दिए ।

## मन्त्रीलाई रास्वपा सांसदको चोटिलो प्रश्न :
## 'जनता मर्न लाग्दा अस्पताल पुग्ने साधन छैन, मन्त्रीलाई रूघा लाग्दा हेलिकप्टर ?'

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद पारसमणि गेलालले मन्त्रीहरूलाई मन्त्रालयको काम छाडेर अनावश्यक रुपमा घुम्न ननिस्कन आग्रह गरेका छन् ।

सोमबार प्रतिनिधिसभामा शून्य समयमा बोल्दै उनले यस्तो आग्रह गरेका हुन् । 'माननीय मन्त्रीज्यूहरूलाई प्रश्न छ, तपाईंहरूलाई देश घुम्ने रहर हो कि, समस्या समाधान गर्ने हुटहुटी ?,' उनले भने- 'बिदामा घुम्न गएजस्तो गर्नुभन्दा मन्त्रालयमा बस्नुस् । नीति बनाउनुस्, निर्णय गर्नुस्, कर्मचारीको मनोबल उच्च बनाउनुस् ।'

देशका १६५ वटै निर्वाचन क्षेत्रका समस्या र समाधानका उपाय समेत सम्बन्धित क्षेत्रका सांसदहरूले दिन सक्ने उनले सुझाए । यसको लागि जम्बो सल्लाहार राखेर राज्यको ढुकुटी रित्याउन आवश्यक नरहेको उनले बताए । अनि उनले जनताले के चहिरहेका छन् भनेर ख्याल गर्न आग्रह गरे ।

'आज जनता ग्यास, मल, संचार सेवा, विद्युत्, आधारभूत स्वास्थ्य सेवाका लागि तड्पिरहेका छन् ।'- उनले भने । तर मन्त्रीहरूको व्यवहर यसअनुसार नरहेको भनेर प्रश्न गरे । 'मन्त्रीलाई सामान्य रुघा लाग्दा हेलिकप्टर उपलब्ध हुन्छ । तर जनता मर्न लाग्दा अस्पताल पुग्ने साधन हुँदैन । अस्पतालमा डाक्टर हुँदैनन् ।'-उनले भने ।

बैतडी पुगेका पूर्वाधारमन्त्री सुनील लम्साललाई स्वास्थ्यमा समस्या भएपछि हेलिकप्टरमार्फत् धनगढी लगिएको थियो । धनगढीबाट काठमाडौंमा सेनाको स्काइ ट्रकमार्फत ल्याइएको हो । लम्साल शनिबार अबेर साँझ आफैं गाडी चलाएर दार्चुलाबाट बैतडी सदरमुकाम पुगेका थिए । लम्सालको टोली शुक्रबारदेखि सुदूरपश्चिमका विभिन्न जिल्लाको राजमार्ग र पूर्वाधारको अवस्थाको निरीक्षण गर्न आएको हो ।

दार्चुलाबाट फर्किएर बैतडीका विभिन्न क्षेत्र र बझाङ जाने कार्यक्रम तय भएको थियो । त्यसक्रममा बिरामी भएपछि काठमाडौं आएका हुन् । उनी हाल डिस्चार्ज भइसकेका छन् । यो विषयमा संसद्मा सत्तारुढ दल रास्वपाकै सांसदहरूले प्रश्न उठाएका हुन् । साथै रास्वपा सांसद गेलालले मन्त्रीहरूलाई जिल्ला पुगेर भिडियो बनाएर सार्वजनिक गर्दैमा जनता खुसी नहुने पनि बताए ।

» बाँकी ३ पेजमा

## राष्ट्रिय दैनिकहरूद्वारा विज्ञापन बजार व्यवस्थित गर्न सामूहिक प्रतिबद्धता



बुटवल । नेपालको छापा माध्यम क्षेत्रमा देखिएको आर्थिक संकट, विज्ञापन बजारको अस्वस्थ प्रतिस्पर्धा, अनियमित मूल्य निर्धारण तथा भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न राष्ट्रिय दैनिक पत्रिकाहरूले सामूहिक प्रतिबद्धता घोषणा गरेका छन् ।

काठमाडौंमा सोमबार सम्पन्न राष्ट्रिय दैनिकहरूको साझा भेलाले विज्ञापन बजारमा स्वस्थ प्रतिस्पर्धा, पारदर्शी कारोबार र सञ्चार उद्योगको दीगो विकासलाई प्राथमिकता दिँदै सामूहिक प्रतिबद्धता तथा घोषणा-पत्र जारी गरेको हो ।

घोषणा-पत्रमा डिजिटल माध्यमको तीव्र विस्तार, विज्ञापन बजारमा आएको संकुचन, अस्वस्थ मूल्य प्रतिस्पर्धा तथा भुक्तानीमा देखिएको अनियमितताका कारण समग्र छापा माध्यम गम्भीर आर्थिक चुनौतीमा परेको उल्लेख गरिएको छ । यस्तो अवस्थामा राष्ट्रिय दैनिकहरूबिच आपसी सहकार्य, समन्वय र व्यावसायिक मर्यादा कायम गर्न आवश्यक रहेको भेलाको निष्कर्ष छ ।

राष्ट्रिय दैनिकहरूले विज्ञापन दरमा अनावश्यक प्रतिस्पर्धा नगर्ने र वास्तविक लागत तथा बजार मूल्यभन्दा अस्वाभाविक रूपमा कम दरमा विज्ञापन स्वीकार नगर्ने प्रतिबद्धता जनाएका छन् । विज्ञापनको आकार, स्थान, प्रकृति, प्रकाशन दिन तथा अन्य व्यावसायिक सुविधाका आधारमा पारदर्शी र स्पष्ट दर निर्धारण गर्ने उनीहरूको भनाइ छ ।

त्यस्तै, विज्ञापन बजारमा न्यूनतम व्यावसायिक मापदण्ड कायम गर्न साझा आधारभूत विज्ञापन दर निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने घोषणा गरिएको छ । विज्ञापनदाता आकर्षित गर्ने नाममा अत्यधिक तथा अपारदर्शी छुट, कमिसन वा अन्य सुविधामार्फत् अस्वस्थ प्रतिस्पर्धा नगर्ने पनि प्रतिबद्धता गरिएको छ ।

भेलाले विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबिच हुने कारोबारलाई पारदर्शी बनाउन स्पष्ट बिल, वास्तविक विज्ञापन मूल्य र प्रकाशनसम्बन्धी प्रमाणलाई प्राथमिकता दिने निर्णय गरेको छ । तेस्रो पक्षको नाममा हुने अपारदर्शी बिलिङ तथा भुक्तानी प्रणालीलाई निरुत्साहित गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने घोषणा पनि गरिएको छ ।

विज्ञापन भुक्तानीमा सम्भव भएसम्म विज्ञापनदाता र सञ्चारमाध्यमबिच प्रत्यक्ष तथा पारदर्शी प्रणाली विकास गर्न पहल गरिने भएको छ । विज्ञापन एजेन्सीको वैधानिक तथा व्यावसायिक भूमिकालाई सम्मान गर्दै सञ्चारमाध्यमले प्राप्त गर्नुपर्ने रकम अनावश्यक रूपमा लामो समय रोक्ने वा अन्य प्रयोजनमा प्रयोग हुने अवस्थाको अन्त्यका लागि सम्बन्धित पक्षसँग संवाद गर्ने प्रतिबद्धता जनाइएको छ ।

यसैगरी सरकारी तथा सार्वजनिक निकायबाट वितरण हुने विज्ञापनमा स्पष्ट, पारदर्शी र वस्तुनिष्ठ मापदण्ड लागू गर्न सरकारसँग आग्रह गरिएको छ । पत्रिकाको पहुँच, नियमितता, प्रसार, पाठक प्रभाव, विषयगत आवश्यकता तथा विज्ञापनको प्रकृतिलाई आधार बनाएर वैज्ञानिक विज्ञापन वितरण प्रणाली विकास गर्नुपर्ने माग भेलाले गरेको छ ।

कुनै पनि सञ्चारमाध्यमलाई राजनीतिक वा अन्य आधारमा विभेद गर्ने तथा विज्ञापन रोक्ने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा पनि राष्ट्रिय दैनिकहरूले जोड दिएका छन् ।

छापा माध्यमको आर्थिक संकटका कारण पत्रकार, कर्मचारी तथा यस क्षेत्रमा निर्भर परिवारहरूमा परेको प्रभावलाई ध्यानमा राख्दै श्रमजीवी पत्रकार तथा कर्मचारीको रोजगारी, पारिश्रमिक र पेशागत सुरक्षालाई मिडियाको आर्थिक स्थायित्वसँग जोडेर हेर्ने निर्णय गरिएको छ । यसका लागि दीगो समाधान खोज्न संयुक्त पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको छ ।

राष्ट्रिय दैनिकहरूले विज्ञापन नीति, कर नीति, कागज तथा मुद्रणसम्बन्धी लागत, सार्वजनिक विज्ञापन वितरण तथा सञ्चार उद्योगसम्बन्धी अन्य नीतिमा आवश्यक सुधार गर्न सरकारसँग आग्रह गरेका छन् । सञ्चार उद्योगलाई सहायता वा विशेष सुविधामा मात्र निर्भर नभई स्वस्थ र प्रतिस्पर्धी उद्योगका रूपमा सञ्चालन गर्न सक्ने नीतिगत वातावरण निर्माण गर्न सरकारसँग माग गरिएको छ ।

भेलाले विज्ञापन बजार, दर निर्धारण, व्यावसायिक आचारसंहिता, सरकारी विज्ञापन, विज्ञापन एजेन्सीसँगको सम्बन्ध तथा सञ्चार उद्योगका साझा समस्यामा निरन्तर संवाद र समन्वय गर्न साझा संयन्त्र/कार्यदल निर्माण गर्ने निर्णय पनि गरेको छ । उक्त संयन्त्रले आवश्यक अध्ययन गरी विज्ञापन दर, बजार व्यवस्थापन तथा अन्य विषयमा समयानुकूल सुझाव र कार्ययोजना प्रस्तुत गर्नेछ ।

राष्ट्रिय दैनिकहरूले एकअर्काको व्यावसायिक अधिकार, प्रतिष्ठा र अस्तित्वको सम्मान गर्दै स्वस्थ प्रतिस्पर्धालाई अघि बढाउने प्रतिबद्धता जनाएका छन् ।

भेलाले "स्वस्थ विज्ञापन बजार, सबल राष्ट्रिय दैनिक र दिगो पत्रकारिता" लाई साझा लक्ष्यका रूपमा अघि सारेको छ । घोषणा-पत्रमा बजार कब्जा गर्ने उद्देश्यले नभई बजारलाई स्वस्थ बनाउन प्रतिस्पर्धा गर्ने, एकअर्कालाई कमजोर बनाउने नभई समग्र छापा माध्यमलाई बलियो बनाउन सहकार्य गर्ने र अस्वस्थ छुट तथा मूल्य प्रतिस्पर्धाको सट्टा गुणस्तरीय पत्रकारिता तथा विश्वसनीयताका आधारमा पाठक र विज्ञापनदाता आकर्षित गर्ने उल्लेख छ ।

राष्ट्रिय दैनिकहरूको साझा भेलाले जारी गरेको घोषणा कुनै एक सञ्चारगृहको हितमा सीमित नभई समग्र राष्ट्रिय छापा माध्यम, पत्रकारिता क्षेत्र, श्रमजीवी पत्रकार तथा विज्ञापन बजारको दीर्घकालीन हितका लागि गरिएको साझा प्रतिबद्धता भएको जनाएको छ ।

## सुस्ताका समस्या समाधानका लागि उच्चस्तरीय कूटनीतिक पहल गर्न माग



परासी । संस्कृति सम्पदा संरक्षण महाअभियानले किसानका समस्या समाधानदेखि विकास निर्माणमा गुणस्तर, सीमा क्षेत्रमा सुरक्षा तथा वडा तहबाट सहज सेवा प्रवाह सुनिश्चित गर्न सरकारसँग माग गरेको छ ।

महाअभियानका संयोजक अनिल शर्माले परासीमा पत्रकार सम्मेलन गरी खेतीपातीको समयमा किसानले रासायनिक मलको अभाव झेल्नुपरेको भन्दै तत्काल सर्वसुलभ रूपमा मल उपलब्ध गराउन माग गरेका हुन् । समयमै मल, बिउ र सिँचाइको व्यवस्था मिलाउँदै किसानले उत्पादन गरेको कृषि उपजको उचित मूल्य सुनिश्चित गर्नुपर्ने अभियानको भनाइ छ । सीमा क्षेत्रमा देखिएका समस्या राजनीतिक विवादका रूपमा नभई कूटनीतिक पहलमार्फत् समाधान गर्नुपर्ने अभियानको धारणा छ । सुस्तालगायत संवेदनशील सीमा तथा बाढी-पहिरो प्रभावित क्षेत्रका समस्या समाधानका लागि उच्चस्तरीय कूटनीतिक पहल आवश्यक रहेको अभियानका संयोजक शर्माले बताए ।

त्यस्तै विकास निर्माणका योजनामा गुणस्तर र पारदर्शिता कायम गर्न ठेकेदार तथा सम्बन्धित निकायलाई जवाफदेही बनाउन माग गरिएको छ । विकास निर्माणका कामको परिमाणसँगै गुणस्तरसमेत सुनिश्चित गर्नुपर्ने र नियामक निकाय तथा जनप्रतिनिधिले स्थलगत अनुगमन गरी भ्रष्टाचार तथा लापरबाही रोक्नुपर्नेमा अभियानले जोड दिएको छ । साथै स्थानीयवासीको सुरक्षा, जीवनस्तर सुधार र भूमिसम्बन्धी समस्या समाधानमा राज्यले विशेष ध्यान दिनुपर्ने माग गरिएको छ ।

महाअभियानले वडा तहबाटै नागरिकलाई सहज रूपमा प्रशासनिक सेवा उपलब्ध गराउन पनि माग गरेको छ । सवारी साधन नवीकरण, सिफारिसलगायत सामान्य कामका लागि नागरिकले अनावश्यक झन्झट र खर्च बेहोर्नुपर्ने अवस्था अन्त्य गरी वडा तहबाटै सहज सेवा दिने व्यवस्था गर्नुपर्ने बताइएको छ । अधिकार र सेवा सुविधालाई जनताको घरदैलोसम्म विकेन्द्रीकरण गर्नुपर्नेमा अभियानले जोड दिएको छ ।

यसैगरी, नागरिकले राजनीतिक नेतृत्वलाई मात्र दोष दिएर नहुने भन्दै आफ्नो नगर, वडा र टोलको सरसफाइ तथा विकासमा समेत योगदान दिनुपर्ने अभियानको भनाइ छ । 'पहिला आफू ऐनामा हेरौँ र सुधार आफैँबाट गरौँ' भन्ने भावनाका साथ नागरिक उत्तरदायित्व बहन गर्न अभियानले आग्रह गरेको छ । महाअभियानले देशको सर्वोपरि हितका लागि शिक्षा, स्वास्थ्य, कृषि र सुशासनका क्षेत्रमा राज्यले तत्काल प्राथमिकता दिनुपर्ने जनाएको छ । नेपालमा सांस्कृतिक सम्पदा संरक्षणलाई विकास र सामाजिक दायित्वसँग जोडेर अघि बढाउनुपर्ने विषयमा पनि सरोकारवालाले जोड दिँदै आएका छन् ।

## सांसद सुलभ खरेललाई आकस्मिक समयमा के बोल्ने भन्ने पनि थाहा नभएको हो ?



बुटवल । प्रतिनिधिसभामा आकस्मिक समयमा ९ महिनापछि हुन सक्ने चुनावको कुरा गरेपछि सभामुख डोलप्रसाद अर्यालले सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुलभ खरेललाई बोल्न रोकेका छन् ।

आकस्मिक समय मागेर उनले रास्वपाले स्थानीय तह र प्रदेशसभाको चुनावलाई लक्षित गरेर क्यान्डिडेट क्लब सुरु गरेको विषय उठाउँदै पार्टीलाई धन्यवाद दिए ।

उनी प्रदेशसभा र संघीय संसद्को विषयमा केही राख्न खोज्दै थिए । सभामुख अर्यालले रोके । आकस्मिक समयमा खासगरी देशमा घटेका ताजा घटना, दुर्घटना, विपद् र ती घटनाले नागरिकमा पारेको असर, जनधनको क्षतिका बारेमा सांसदहरुले विषय उठान गरी सरकारको ध्यानाकर्षण गराउने प्रचलन छ । तर सांसद सुलभले नितान्त आफ्नो दलको क्याण्डिडेट क्लब भन्ने आन्तरिक विषय उठाए । त्यो विषय आम जनतासँग कुनै सरोकार राख्ने विषय थिएन ।

'माननीय सदस्यले आकस्मिक समय माग्नुभएको थियो । त्यसकारणले माननीय सदस्यको यो विषय कहीँ पनि आकस्मिक देखिँदैन । त्यसकारण बसौं माननीय सदस्य ।' - सभामुखले भने । त्यसपछि नाजवाफ हुँदै रास्वपा सांसद खरेल बसे । प्रतिनिधिसभा नियमावलीको नियम १५ मा आकस्मिक, शून्य र विशेष समय सम्बन्धी व्यवस्था छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# सभामुखको रूलिङ

सभामुख डोरप्रसाद अर्यालले प्रधानमन्त्री बालेन्द्र साहलाई संसदमा उपस्थित भएर सांसदहरूका प्रश्नको उत्तर दिन रूलिङ गरेका छन् । संसदीय व्यवस्थामा सभामुखले गरेको रूलिङलाई महत्वपूर्ण र अनिवार्य मानिन्छ। संसद जननिर्वाचित थलो हो । प्रधानमन्त्रीले सार्वभौम संसदप्रति गरेको बेवास्ता केवल संसदप्रति मात्रै नभएर व्यवस्थाप्रति नै भएकाले सभामुखको रूलिङ अनिवार्य थियो ।

प्रधानमन्त्री बालेन्द्र साह अहिलेसम्म प्रतिनिधिसभामा उपस्थित भएर सांसदहरूको जवाफ दिएका छैनन् । सरकारको नीति कार्यक्रम राष्ट्रपतिले वाचन गर्दा बिचमै उठेर हिंडेर राष्ट्रप्रमुखको मानमर्दन गरे । सार्वभौम संसदमा उपस्थित हुन विपक्षी दलका सांसदहरूले निरन्तर माग गरेपछि तीन पल्ट सभामुखले भेटेर संसदमा आइदिन अनुरोध गरे । सभामुखको अनुरोधलाई अस्वीकार गरेर उनले संसदको पनि मानमर्दन गरे । अन्ततः सभामुखले अन्तिम विकल्प रोजेका हुन् । प्रतिनिधिसभा नियमावलीमा प्रधानमन्त्रीले महिनाको पहिलो साता प्रतिनिधिसभामा उपस्थित भएर सांसदहरुको प्रश्नको जबाफ दिनुपर्ने व्यवस्था छ। प्रधानमन्त्री शाहले निर्वाचित भएदेखि अहिलेसम्म प्रतिनिधिसभा नियमावलीअनुसार सांसदहरुको प्रश्नको जबाफ दिएका छैनन् । सभामुखको रुलिङसँगै प्रधानमन्त्री साहले जनताबाट निर्वाचित जनप्रतिनिधिको थलो संसदलाई नटेरेको घटना संसदीय रेकर्डमा बसेको छ । प्रधानमन्त्री शाहले आकस्मिक रुपमा २०८३ जेठ १७ गते सांसदहरुलाई प्रश्न सोध्न लगाएर केही प्रश्नको जवाफ दिएका थिए। तर त्यो प्रश्नोत्तर प्रतिनिधिसभा नियमावली अनुसार थिएन । नियमावली अनुसार सभामुखले प्रश्नोत्तरका लागि मिति तय गर्नुपर्छ । त्यसपछि सांसदहरुले प्रश्न टिपाउँछन् । ती प्रश्नमा प्रधानमन्त्रीले संसदमा जबाफ दिनुपर्छ । विपक्षी दलहरुले लगातार ७७ दिनयता प्रतिनिधिसभामा प्रधानमन्त्रीको अभिव्यक्तिबारे प्रस्टीकरण माग गर्दै आएका थिए। तर प्रधानमन्त्री शाहले संसदमा उठेको आवाजको बेवास्ता गरेर अलोकतान्त्रिक चरित्र देखाए । लोकतान्त्रिक चरित्र भएको व्यक्तिले संसदमा उठेको विषयलाई गम्भीर रुपमा लिन्छन् ।

सभामुखले गरेको रूलिङलाई प्रधानमन्त्रीले गम्भीर रुपमा लिनुपर्छ । लोकतन्त्रमा प्रश्न उठ्छ। प्रश्नलाई स्वभाविक रुपमा लिनुपर्छ। ती प्रश्नको तर्क र तथ्यसंगत ढंगले उत्तर दिनुपर्छ । तर्क र तथ्यसंगत उत्तर दिएर आफूलाई सही सावित गर्नुपर्छ । अझ सार्वभौम संसदमा हुने प्रश्नोत्तर केवल समय कटाउनका लागि होइन्, प्रक्रिया पूरा गर्नका लागि मात्रै होइन् । थिति र विधिलाई स्थापित गर्नका लागि हो। शासकलाई जिम्मेवार र जवाफदेही बनाउनका लागि हो । चुनावमा दुई तिहाई नजिकको बहुमत पाएको बलियो सरकार जिम्मेवार बन्न सक्दा मुलुकले लाभ हासिल गर्छ। नागरिकका आकांक्षा पूरा हुन्छन्, जब शासक गैरजिम्मेवार हुन्छ, त्यसको मूल्य मुलुकले चुकाउँछ। तसर्थ बालेन्द्र साह जिम्मेवार प्रधानमन्त्री होऊन भन्ने चाहना आम रुपमा प्रकट भइरहेको छ।

प्रधानमन्त्रीलाई संसदमा उपस्थित हुन रूलिङ गरेर सभामुखले पदीय मर्यादा कायम राखे । अहिलेसम्म उनलाई रास्वपाको नेताभन्दा माथि उठ्न नसकेको आरोप लाग्दै आएको थियो । प्रधानमन्त्रीलाई जवाफदेही बनाउनका लागि सभामुखको पहलकदमीले उनको पदीय कद पनि उचो बनाएको छ।

# यो कस्तो ऊर्जा नीति ?
# ग्यासको लाइन छ बिजुलीमा कर



ज्ञानेन्द्र घले

विपन्न परिवारलाई विद्युतीय चुलो, सुरक्षित आन्तरिक तार, उपयुक्त मिटर र भरपर्दो आपूर्तिका लागि लक्षित सहयोग दिन सकिन्छ । बढी खपत गर्ने उपभोक्ताबाट प्रणालीको लागतअनुसार प्रगतिशील महसुल लिन सकिन्छ । तर यस्तो महसुल संरचना र ऊर्जा रुपान्तरणको समयमा लगाइएको सामान्य भ्याट एउटै कुरा होइनन् ।

नागरिक एलपी ग्यासको लामो लाइनमा छन् । बजारमा आपूर्ति कठिनाइसँगै आयातित इन्धनमाथि निर्भरताको जोखिम फेरि उजागर भएको छ । उता सरकार ग्यासको विकल्प बन्न सक्ने स्वदेशी बिजुली खपतमा भ्याट लगाउँछ । यो नेपालको ऊर्जा सुरक्षा, विदेशी मुद्रा सञ्चिति, जनस्वास्थ्य र विद्युतीकरणको लक्ष्यविरुद्धको नीति हो ।

नेपालमा वर्षायाममा जलविद्युत् आयोजनाका उत्पादन घटाउनुपर्ने बाध्यता छ भने प्रतिव्यक्ति विद्युत् खपत वार्षिक करिब ४५० युनिटमात्र छ । यस्तो अवस्थामा थप बिजुली प्रयोग गर्ने घर परिवारमाथि कर लगाउनु विद्युतीकरणलाई प्रोत्साहन गर्नु नभएर आयातित इन्धनको निर्भरतालाई संरक्षण गर्नु हो ।

**विरोध बढ्यो, तर निर्णय आएन**

पछिल्ला घटना हेर्दा बिजुली उपभोक्ताका बिलमा भ्याट थपिएको सानो रकमको विषयमात्र नभएर सरकारको समग्र ऊर्जा नीतिमै प्रश्न उब्जेको छ । यसैबिच पूर्वऊर्जामन्त्री तथा नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले साउन २३ गत 'बिजुली भ्याट' तत्काल फिर्ता लिन माग गरेका छन् । उनले देशमा उत्पादित बिजुली उपयोग नगरी ग्यासका लागि लाइन बस्नुपर्ने विडम्बना अन्त्य गर्न घर घरमा इन्डक्सन चुलो पुऱ्याउने योजना ल्याउनुपर्ने धारणा पनि राखे । घरायसी उपभोक्तामा पाँच प्रतिशत, कृषि सिँचाइ र सामुदायिक लिफ्ट खानेपानीमा लाग्ने १३ प्रतिशत भ्याटले उत्पादन र अत्यावश्यक सेवामा लागत बढाउने उनको तर्क छ ।

यसैबीच नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकमा पनि भ्याट फिर्ता लिनुपर्ने विषय उठेको छ। कांग्रेसका नेताहरूले ग्यास आपूर्तिमा समस्या देखिएका बेला विद्युतीय चुलो र स्वदेशी बिजुलीको खपतलाई प्रोत्साहन गर्नुपर्ने बताएका छन् ।

तर सार्वजनिक र राजनीतिक दबाब बढे पनि यो लेख तयार पार्दासम्म सरकारले भ्याट फिर्ता लिने, दर घटाउने वा भ्याटमुक्त सीमा बढाउने औपचारिक निर्णय गरेको छैन । प्रश्न रकम ठूलो वा सानो भन्ने नभएर सरकारको ऊर्जा नीति विद्युतीकरणतर्फ अघि बढिरहेको छ कि आयातित इन्धनमाथिको निर्भरता जोगाउने दिशातर्फ भन्ने हो ।

**कति उपभोक्ता प्रभावित ?**

नयाँ व्यवस्थाअनुसार घरायसी प्रयोजनका लागि खपत हुने पहिलो ५० युनिटमा भ्याट लाग्दैन । त्यसभन्दा माथिको खपतमा पाँच प्रतिशत भ्याट लाग्छ । उदाहरणका लागि ६० युनिट खपत गर्ने परिवारले थप १० युनिटको महसुलमा मात्र भ्याट तिर्नुपर्ने सरकारी व्याख्या छ ।

तर ५० युनिटको सीमा आवश्यक र विलासी खपत छुट्ट्याउने उचित आधार होइन । इन्डक्सन वा इन्फ्रारेड चुलो, फ्रिज, पानी तान्ने पम्प वा अन्य सामान्य विद्युतीय उपकरण चलाउने परिवारले सहजै यो सीमा पार गर्छ । घरमै विद्युतीय गाडी चार्ज गर्ने परिवारको खपत अझ बढ्छ । यसरी एलपी ग्यास, पेट्रोल वा डिजेलको सट्टा स्वदेशी बिजुली प्रयोग गर्ने परिवार करको दायरामा पर्छन् ।

प्रभावित उपभोक्ताको संख्याबारे सरकार र सार्वजनिक निकायबाट फरक फरक तथ्याङ्क आएका छन् । यसअघि प्राधिकरणको तथ्याङ्क उद्धृत गर्दै करिब २६ लाख घरायसी ग्राहक प्रभावित हुने बताइएको थियो । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भने बजेटपछिको पत्रकार सम्मेलनमा करिब १४ लाख परिवारमा मात्र प्रभाव पर्ने विवरण प्रस्तुत गरेका थिए ।

प्राधिकरणको अर्को राजस्व प्रक्षेपणमा ५० युनिटभन्दा बढी खपत गर्ने घरायसी ग्राहकको संख्या करिब १८ लाख ५४ हजार देखाइएको छ । फरक आधार अवधि, सक्रिय ग्राहक, बिलिङ वर्ग वा गणना विधिका कारण अन्तर आएको हुन सक्छ । तर लाखौं उपभोक्तालाई प्रत्यक्ष असर गर्ने नीति बनाउँदा सरकारले प्रयोग गरेको अन्तिम तथ्याङ्क र गणना विधि सार्वजनिक गर्नुपर्छ ।

**सीमित राजस्व, ऊर्जा रूपान्तरणमा ठूलो अवरोध**

यो करबाट सरकारलाई केही राजस्व प्राप्त हुन्छ, तर त्यसको मूल्य ऊर्जा रूपान्तरणले चुकाउनुपर्ने जोखिम छ। कर फिर्ता लिने वा भ्याटमुक्त सीमा बढाउने विकल्प सरकारसँग नभएको होइन ।

नेपाल विद्युत् प्राधिकरणको प्रक्षेपण उद्धृत गर्दै प्रकाशित विवरणअनुसार ५० युनिटसम्म छुट कायम गर्दा घरायसी ग्राहकबाट मासिक करिब १३ करोड ७१ लाख रुपैयाँ भ्याट सङ्कलन हुने अनुमान छ । छुटको सीमा १०० युनिट पुऱ्याएर यस्तो राजस्व करिब ११ करोड १६ लाख र १५० युनिट पुऱ्याउँदा करिब ९ करोड ६ लाख रुपैयाँमा झर्ने देखाइएको छ । यसअनुसार ५० बाट १५० युनिटसम्म छुट विस्तार गर्दा मासिक राजस्व करिब ४ करोड ६५ लाख रुपैयाँले घट्छ।

विद्युत् नियमन आयोगको प्रारम्भिक अध्ययन उद्धृत गर्दै प्रकाशित पछिल्लो विवरणमा ५० युनिटको सीमा कायम गर्दा घरायसी विद्युत्बाट वार्षिक ४ अर्ब २७ करोड र सीमा १५० युनिट पुऱ्याउँदा ३ अर्ब ५० करोड रुपैयाँ भ्याट उठ्ने अनुमान गरिएको छ।

प्राधिकरण र आयोगसँग सम्बन्धित यी प्रक्षेपणबीच ठूलो अन्तर देखिन्छ। आधार अवधि, करयोग्य रकम, ग्राहक वर्ग वा गणना विधिमध्ये कुन कारणले यस्तो अन्तर आएको हो भन्ने सरकारले स्पष्ट गरेको छैन ।

आयोगको तुलनात्मक हिसाबअनुसार पनि १५० युनिटसम्म छुट दिँदा वार्षिक राजस्व करिब ७७ करोड रुपैयाँले मात्र घट्छ । प्रमुख पेट्रोलियम पदार्थ आयातमा वार्षिक ३ खर्ब ३२ अर्ब रुपैयाँभन्दा बढी बाहिरिरहेको सन्दर्भमा यो सीमित राजस्व जोगाउन स्वदेशी विद्युत्को खपत र ऊर्जा रूपान्तरणलाई निरुत्साहित गर्नु विवेकपूर्ण देखिँदैन ।

**घरायसीभन्दा बाहिर पनि करको मार**

बिजुलीमा भ्याटको समस्या घरायसी ग्राहकमा मात्र सीमित छैन । कृषि सिँचाइ, सामुदायिक खानेपानी, अस्पताल, विद्यालय तथा अन्य गैरघरायसी वर्गमा १३ प्रतिशत भ्याट लाग्ने व्यवस्थाले आधारभूत सेवा र उत्पादनको लागतसमेत बढाउँछ ।

भ्याटमा दर्ता भएका उद्योगले कानुनी सर्त पूरा गरेर विद्युत्मा तिरेको कर समायोजन गर्न सक्छन् । तर, भ्याटमा दर्ता नभएका साना व्यवसाय, किसान समूह, सामुदायिक खानेपानी संस्था र स्थानीय सेवा प्रदायकले यस्तो सुविधा नपाउन सक्छन् । त्यस अवस्थामा करको वास्तविक भार उत्पादन लागत, पानीको महसुल वा उपभोक्ता मूल्यमा सर्छ ।

सरकारले किसानलाई विद्युतीय सिँचाइ प्रयोग गर्न प्रोत्साहन गर्ने, गाउँमा लिफ्ट प्रणालीबाट खानेपानी पुऱ्याउने र स्वदेशी उत्पादनको लागत घटाउने बताउँदै आएको छ। त्यही बिजुलीमा १३ प्रतिशत भ्याट लगाउनु घोषित नीतिविपरीत हो।

**ग्यासको लाइनले देखाएको सत्य**

नेपाल आयल निगमले देशव्यापी अभाव नभएको बताए पनि केही स्थानमा देखिएको ग्यास आपूर्ति कठिनाइले अन्तर्राष्ट्रिय बजार, आपूर्ति शृंखला वा आन्तरिक व्यवस्थापनमा समस्या आउँदा नागरिकको भान्सा कति छिटो प्रभावित हुन सक्छ भन्ने देखाएको छ।

भन्सार विभागको पूर्ण आर्थिक वर्ष २०८२/८३ को तथ्यांकअनुसार प्रमुख पेट्रोलियम पदार्थ आयातमा ३ खर्ब ३२ अर्ब रुपैयाँभन्दा बढी खर्च भएको थियो । त्यसमध्ये एलपी ग्यास आयातमा मात्र करिब ६० अर्ब २८ करोड रुपैयाँ बाहिरिएको थियो ।

यो सम्पूर्ण आयात तत्काल बिजुलीले प्रतिस्थापन गर्न सक्दैन । तर खाना पकाउने र सडक यातायातमा विद्युतीकरण विस्तार गरेर यसको उल्लेख्य हिस्सा क्रमशः घटाउन सकिन्छ । नेपाल एकातिर आफ्नै स्वच्छ बिजुलीको उत्पादन घटाउन बाध्य छ । अर्कोतिर आयातित इन्धन किन्न अर्बौं रुपैयाँ विदेश पठाइरहेको छ।

**पूर्वाधारको उत्तर कर होइन**

प्रधानमन्त्री बालेन्द्र शाहले सबै घरमा एकैपटक इन्डक्सन चुलो प्रयोग भए ट्रान्सफर्मर र सबस्टेसनले नधान्ने तर्क गरेका थिए । कुलमान घिसिङले भने हालको पूर्वाधारले व्यापक इन्डक्सन प्रयोग र विद्युतीय सवारी चार्जिङ धान्न सक्ने तथा स्थानीय प्राविधिक समस्या आए समाधान गर्न सकिने दाबी गरेका छन् ।

कुल राष्ट्रिय क्षमता पर्याप्त हुनु र प्रत्येक स्थानीय फिडर पर्याप्त हुनु एउटै कुरा होइन । केही ठाउँमा ट्रान्सफर्मर, तार, फिडर वा सबस्टेसन कमजोर हुन सक्छन् । त्यसैले विद्युत् नियमन आयोग र प्राधिकरणले स्थानीय जोखिम पहिचान गरी वितरण प्रणाली सुधारको मापनयोग्य कार्यतालिका सार्वजनिक गर्नुपर्छ।

तर, कमजोर पूर्वाधारको उत्तर सामान्य भ्याट लगाएर बिजुलीको खपत निरुत्साहित गर्नु होइन । आवश्यक ठाउँमा पूर्वाधार सुधार गर्नु हो ।

बिजुलीमा भ्याटबाट उठेको राजस्व छुट्टै कोषमा राखिने वा स्वतः वितरण प्रणाली सुधारमा खर्च हुने कानुनी व्यवस्था सरकारले सार्वजनिक गरेको छैन । विद्युत् नियमन आयोगको प्रारम्भिक अध्ययनले समेत राजस्व पूर्वाधारमै खर्च हुने सुनिश्चितता नभएको प्रश्न उठाएको छ। त्यसैले यससम्बन्धी सरकारी दाबी अहिले नीतिगत आश्वासन मात्र हो।

**सस्तो, स्वच्छ र स्वस्थ**

विश्व बैंकको सन् २०२५ को अध्ययनअनुसार उपभोक्ताले प्रत्यक्ष बेहोर्ने लागतका आधारमा इन्फ्रारेड विद्युतीय चुलोबाट खाना पकाउँदा एलपी ग्यासको तुलनामा काठमाडौंमा २२ प्रतिशत र राष्ट्रियस्तरमा ३५ प्रतिशतसम्म सस्तो पर्ने अनुमान छ।

सन् २०२४ मा 'द ल्यान्सेट प्लानेटरीहेल्थ'मा प्रकाशित मोडेलमा आधारित अध्ययनले सामाजिक लाभ र बाह्य प्रभाव समेटिएको स्वच्छ खाना पकाउने परिदृश्यमा नेपालमा वार्षिक करिब ९ हजार ५६३ अकाल मृत्यु रोक्न सकिने अनुमान गरेको छ। त्यसैले विद्युतीकरण ऊर्जा र अर्थतन्त्रको मात्र नभएर जनस्वास्थ्यको पनि विषय हो।

**अबको बाटो**

निजी शिक्षा र स्वास्थ्य सेवामा लागु तीन प्रतिशत समता शुल्क फिर्ता गर्ने प्रधानमन्त्रीको घोषणाले जनहितकारी सेवाको लागत बढाउने करमा सरकार पुनर्विचार गर्न सक्छ भन्ने राजनीतिक सिद्धान्त स्थापित गरेको छ। यही सिद्धान्त बिजुलीमा पनि लागु हुनुपर्छ।

सरकारले घरायसी बिजुलीमा पाँच प्रतिशत भ्याट फिर्ता लिनुपर्छ । कृषि सिँचाइ, सामुदायिक लिफ्ट खानेपानी र अन्य अत्यावश्यक सेवामा लगाइएको १३ प्रतिशत भ्याट पनि हटाउनुपर्छ। तत्काल पूर्ण रूपमा फिर्ता लिन तयार नभए अन्तरिम कदमका रूपमा घरायसी भ्याटमुक्त सीमा १५० युनिट पुऱ्याउन सकिन्छ। तर यसलाई अन्तिम समाधान मान्नु हुँदैन।

आधारभूत खपतमा सहुलियतपूर्ण महसुल कायम राख्दै वर्षायाम र कम माग हुने समयमा थप सस्तो महसुल लागु गर्नुपर्छ । स्मार्ट मिटर र समयअनुसार फरक महसुलमार्फत विद्युतीय चुलो, रातिको ईभी चार्जिङ, सिँचाइ र उत्पादनमूलक गतिविधिलाई प्रोत्साहन गर्न सकिन्छ। साँझको उच्च मागमा भने प्रणालीको लागतअनुसार महसुल लिन सकिन्छ।

विपन्न परिवारलाई विद्युतीय चुलो, सुरक्षित आन्तरिक तार, उपयुक्त मिटर र भरपर्दो आपूर्तिका लागि लक्षित सहयोग दिन सकिन्छ। बढी खपत गर्ने उपभोक्ताबाट प्रणालीको लागतअनुसार प्रगतिशील महसुल लिन सकिन्छ । तर यस्तो महसुल संरचना र ऊर्जा रूपान्तरणको समयमा लगाइएको सामान्य भ्याट एउटै कुरा होइनन् ।

सरकारले सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत १ हजार ५०० युनिट पुऱ्याउने लक्ष्य राखेको छ। त्यसका लागि प्रत्येक वर्षको मापनयोग्य उपलब्धि, वितरण प्रणाली सुधार योजना र आन्तरिक खपत वृद्धिको स्पष्ट मार्गचित्र सार्वजनिक गर्नुपर्छ।

व्यावसायिक रूपमा लाभदायक हुँदा नेपालले बिजुली निर्यात गर्नुपर्छ । तर, निर्यातलाई नेपाली भान्सा, यातायात, कृषि र उद्योगको विद्युतीकरणको विकल्प बनाउनु हुँदैन । निर्यात र स्वदेशी खपत एकअर्काका पूरक हुन् ।

ग्यास आपूर्तिमा समस्या देखिँदा नागरिकलाई सिलिन्डर खोज्न लाइनमा बस्न लगाउने, वर्षायाममा आफ्नै बिजुली खेर फाल्ने र त्यही स्वदेशी विकल्प प्रयोग गर्दा कर उठाउने नीति विवेकपूर्ण हुन सक्दैन ।

यो आफ्नै बिजुलीमाथिको करमात्र होइन ग्यासको लाइन र स्वदेशी बिजुलीबीचको विरोधाभासी ऊर्जा नीतिमाथिको खुला प्रश्न हो ।

बाह्रखरीबाट

# सेयर बजारमा सामान्य गिरावट



काठमाडौं । साताको पहिलो कारोबार दिन सोमबार नेप्से परिसूचकमा सामान्य गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार परिसूचक २.२५ अङ्कले घटेर २,६४१.५८ बिन्दुमा बन्द भएको छ। बजारमा कुल ५ अर्ब ५२ करोड ५५ लाख ११ हजार ८७२ रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । दिनभरिमा ३५० वटा स्क्रिप्सका १ करोड १९ लाख ३२ हजार ३५ कित्ता सेयर ५६ हजार ८१८ पटक खरिद-बिक्री भएका छन् ।

कारोबार भएका कम्पनीहरूमध्ये ७२ वटाको सेयर मूल्य बढेको छ भने २०१ वटाको मूल्यमा गिरावट आएको छ। बाँकी ५ वटा कम्पनीको सेयर मूल्य भने स्थिर रहेको छ।

सबैभन्दा धेरै कमाउनेमा सर्वोत्तम पेन्टस् र माउन्ट एभरेष्ट हाइड्रोपावर रहेका छन्, जसको सेयर मूल्यमा करिब १५ प्रतिशतको बढोत्तरी देखिएको छ। त्यस्तै, रिलायन्स स्पिनिङ मिल्सको मूल्य ११.१७ प्रतिशत र सगरमाथा जलविद्युत् कम्पनीको मूल्य ११.०६ प्रतिशतले बढेको छ । फरवार्ड माइक्रोफाइनान्सको सेयरमूल्य सबैभन्दा धेरै ६.६३ प्रतिशतले घटेको छ।

समूहगत आधारमा फाइनान्स समूहमा सर्वाधिक १.१४ प्रतिशत गिरावट हुँदा सबैभन्दा धेरै उत्पादनमूलक क्षेत्रमा १.३० प्रतिशत वृद्धि देखिएको छ।

कारोबार रकमका आधारमा रिलायन्स स्पिनिङ मिल्स अग्रस्थानमा रहेको छ । यस कम्पनीको मात्रै १ अर्ब ३८ करोड ६३ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । त्यसैगरी, सोलु हाइड्रोपावरको ३८ करोड ४४ लाख र रिडी पावर कम्पनीको १६ करोड ४१ लाख रुपैयाँको कारोबार भएको नेप्सेले जनाएको छ।

# दूध र चिनी नराखी कफी पिउनु
# स्वास्थ्यका लागि फाइदाजनक

संसारमा धेरै यस्ता मानिसहरु छन् जो बिहान एक कप कफि नपिइकन आफ्नो दिनको सुरुवात गर्दैनन् ।

यी मानिसहरुका अनुसार कफीले उनीहरुको दैनिक उत्पादकत्वमा धेरै राम्रो प्रभाव पार्छ।

यस्ता कैयौं अनुसन्धानहरु भएका छन् जसले कफी स्वास्थ्यको लागि राम्रो भएको तथ्य पत्ता लगाएको छ।

दिनमा तीनदेखि चार कप कफी पिउनु स्वास्थ्यको लागि धेरै नै राम्रो मानिने पोषणविद् अतुल उपाध्याय बताउँछन् । उनका अनुसार दूध र चिनी नराखी कफी पिउनु सबैभन्दा राम्रो हुन्छ।



ठिक्क मात्रामा कफी पिउँदा ऊर्जा बढ्ने, मानसिक एकाग्रता राम्रो हुने, टाइप-२ मधुमेह, कलेजोको रोग तथा मुटुसम्बन्धी समस्याको जोखिम कम हुने गर्छ।

यसमा पाइने एन्टिअक्सिडेन्टले शरीरका कोषहरूलाई स्वस्थ राख्न सहयोग पुऱ्याउँछ।

**यस्ता छन्, कफी सेवनका फाइदाहरु**

**ऊर्जा र सतर्कता**

कफीमा पाइने क्याफिनले मस्तिष्कलाई सक्रिय बनाउँछ र अल्छीपन हटाइ ऊर्जा थप्छ।

**मधुमेहको जोखिम कम**

नियमित रूपमा सीमित मात्रामा कफी पिउँदा टाइप-२ मधुमेह हुने सम्भावना घट्छ।

**कलेजोको सुरक्षा**

कलेजोमा फ्याट जम्न नदिन र कलेजोको क्यान्सर वा सिरोसिसको जोखिम कम गर्न कफी सहयोगी हुन्छ।

**तौल नियन्त्रण**

यसले मेटाबोलिजम बढाएर क्यालोरी जलाउन मद्दत गर्छ।

मानसिक स्वास्थ्यः अल्जाइमर र पार्किन्सन्स जस्ता मस्तिष्कसम्बन्धी रोगहरूको जोखिम कम गर्छ।

# स्याङ्जामा २९० दर्ता हुँदा ३३४ उद्योग खारेज




**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जामा गएको आर्थिक वर्ष २०८२/०८३ मा नयाँ उद्योग दर्ताको तुलनामा खारेजी हुने उद्योगको संख्या धेरै रहेको छ । गत वर्ष २९० नयाँ उद्योग दर्ता हुँदा ३३४ उद्योग खारेजीमा परेका छन् ।

एकीकृत सेवा कार्यालयका अनुसार नयाँ दर्ता हुनेमा १४९ उद्योग र वाणिज्यतर्फका १४२ व्यावसायिक फर्मसमेत २९० उद्योग रहेका छन् । खारेजी हुनेमा उद्योगका १६९ र वाणिज्यतर्फ १६५ फर्म गरी ३३४ रहेका छन् । नयाँ दर्ताको तुलनामा ४४ वटा बढी उद्योग लगतकट्टा भएका हुन् ।

जिल्लामा नयाँ उद्योग दर्ता हुँदा झण्डै ३६ करोड ४० लाख रुपैयाँ नयाँ लगानी थपिएको छ । उद्योगतर्फ करिब २२ करोड २० लाख रुपैयाँ लगानी थपिदा वाणिज्य क्षेत्रमा करिब १४ करोड २० लाख रुपैयाँ नयाँ लगानी गरिएको कार्यालयले जनाएको छ । उद्योग र वाणिज्यमा नयाँ उद्योग र लगानी थपिदा झण्डै ६ सय नयाँ रोजगारी सृजना भएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

गएकै वर्ष ३३४ उद्योग खारेजीमा परेसँगै ४१ करोड ८५ लाख रुपैयाँ लगानी बाहिरिएको छ । उद्योगतर्फ २५ करोड ३५० लाख रुपैयाँ बाहिरिदा वाणिज्य क्षेत्रको झण्डै १६ करोड ५० लाख रुपैयाँ बाहिरिएको कार्यालय प्रमुख जीवन पौडेलले जानकारी दिए । उनका अनुसार खारेजीमा पर्ने उद्योगको संख्या बढी भएकै कारण झण्डै ५ करोड ४५ लाख रुपैयाँ बाहिरिएको छ ।

नयाँ उद्योगमध्ये अधिकांश महिलाहरुको नाममा दर्ता भएको छ । उद्योग दर्तामा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट हुने भएपछि महिलाको नेतृत्वमा उद्योग दर्ता हुने क्रम बढ्दै गएको कार्यालयले जनाएको छ । नयाँ दर्ता हुनेमा कृषि, उत्पादन, सप्लायर्स, पर्यटनसहितका उद्योग रहेका छन् ।

पछिल्लो तथ्यांकअनुसार नयाँ दर्ताको तुलनामा खारेजी हुने उद्योगको संख्या बढ्दै जानु युवायुवती वैदेशिक रोजगारका लागि विदेशीनु प्रमुख कारण मानिएको छ । युवायुवती रोजगारीका लागि विदेश गएसँगै अभिभावकले पेशा, व्यवसाय छोड्ने, बढ्दै गएको आर्थिक शिथिलता र अनुदानमुखी उद्योगहरु खारेजीको क्रममा रहेको कार्यालयका उद्योग तथा वाणिज्य शाखा प्रमुख कृष्ण लम्सालले जनाए ।

कार्यालयका अनुसार गएकै वर्ष जिल्लामा उद्योगतर्फ ९७६ र वाणिज्यतर्फका एक हजार २१ गरी एक हजार ९९७ उद्योग, व्यावसायिक फर्म तथा पसलहरु नविकरण गरिएको छ । नविकरण भएका उद्योग तथा पसलबाट करिब ६० लाख राजश्व संकलन भएको छ । नविकरण भएका फर्म तथा पसलहरुमा झण्डै दुई अर्ब ५० करोड लगानी र करिब चार हजार नागरिकले रोजगारी पाएको कार्यालयले जनाएको छ ।

# छत्रदेव गाउँपालिकाको सेवा नयाँ प्रशासकीय भवनबाट सुरु

**अनिल नेपाली**

*अर्घाखाँची*



अर्घाखाँचीको छत्रदेव गाउँपालिकाले नवनिर्मित प्रशासकीय भवनबाट सोमबारदेखि औपचारिक रूपमा सेवा प्रवाह सुरु गरेको छ । गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले एक समारोहबीच नवनिर्मित प्रशासकीय भवनको विधिवत् समुद्घाटन गर्दै नयाँ भवनबाट सेवा प्रवाहको शुभारम्भ गरेका हुन् ।

गाउँपालिकाको आफ्नै आधुनिक र व्यवस्थित प्रशासकीय भवन निर्माण सम्पन्न भएपछि नागरिकलाई सहज, व्यवस्थित र प्रभावकारी रूपमा सेवा प्रदान गर्ने उद्देश्यसहित नयाँ भवनबाट नियमित प्रशासनिक कामकाज सुरु गरिएको गाउँपालिकाले जनाएको छ ।

भवन उद्घाटन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनि पन्थी, प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल, वडा नम्बर १ देखि ८ सम्मका वडा अध्यक्षहरू, गाउँसभा सदस्य, कार्यपालिका सदस्य, स्थानीय राजनीतिक दलका प्रतिनिधि, भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने जग्गादाता, गाउँपालिकाका कर्मचारी, पत्रकार, समाजसेवी तथा स्थानीय नागरिकहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले नयाँ प्रशासकीय भवन गाउँपालिकाको संस्थागत विकाससँगै नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्ने महत्वपूर्ण पूर्वाधार भएको बताए । उनले भौतिक संरचना निर्माण हुनु मात्रै उपलब्धि नभई त्यस भवनबाट जनताले छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा पाउनु मुख्य विषय भएको जनाए ।

अध्यक्ष श्रेष्ठले गाउँपालिकाको प्रशासनिक कामलाई थप व्यवस्थित बनाउँदै सेवाग्राही नागरिकलाई सहज वातावरणमा सेवा उपलब्ध गराउन गाउँपालिका प्रतिबद्ध रहेको उल्लेख गरे । उनले स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकका आवश्यकता र समस्यालाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिए ।

नयाँ भवन सञ्चालनमा आएसँगै गाउँपालिकाका विभिन्न शाखा तथा प्रशासनिक सेवाहरू एउटै व्यवस्थित संरचनाबाट सञ्चालन गर्न सहज हुने अपेक्षा गरिएको छ । यसअघि पर्याप्त भौतिक पूर्वाधारको अभावमा सेवा प्रवाहमा देखिने विभिन्न कठिनाइहरू न्यूनीकरण हुने तथा सेवाग्राहीलाई समेत सुविधा पुग्ने गाउँपालिकाको विश्वास छ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनि पन्थीले नयाँ भवनले गाउँपालिकाको प्रशासनिक कार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताए । उनले जनप्रतिनिधि र कर्मचारीबिचको समन्वयलाई अझ बलियो बनाउँदै नागरिकका समस्या समाधान गर्न स्थानीय सरकार निरन्तर सक्रिय हुनुपर्ने धारणा राखेका थिए ।

त्यस्तै प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले नयाँ भवनबाट सेवा प्रवाह सुरु भएसँगै कार्यालयका प्रशासनिक गतिविधिलाई थप व्यवस्थित, चुस्त र सेवामुखी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सेवाग्राहीलाई अनावश्यक झन्झट नदिई कानुनअनुसार छिटो र प्रभावकारी सेवा उपलब्ध गराउन कर्मचारीहरूलाई जिम्मेवार भएर काम गर्नुपर्ने बताए ।

कार्यक्रममा वडा अध्यक्षहरू, गाउँसभा तथा कार्यपालिका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधि, जग्गादाता तथा स्थानीय सरोकारवालाहरूले पनि नयाँ प्रशासकीय भवन निर्माण सम्पन्न भएर सेवा सञ्चालनमा आउनु गाउँपालिकाका लागि महत्वपूर्ण उपलब्धि भएको बताएका थिए ।

नवनिर्मित प्रशासकीय भवन गाउँपालिकाको प्रशासनिक सेवा प्रवाहको केन्द्रका रूपमा रहनेछ । भवन निर्माणसँगै कार्यालयका विभिन्न शाखा तथा इकाइलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहज हुने र सेवाग्राहीले आवश्यक सेवा लिन विभिन्न स्थानमा धाउनुपर्ने अवस्थासमेत कम हुने अपेक्षा गरिएको छ ।

छत्रदेव गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, सडक, खानेपानी, पर्यटन तथा अन्य विकासका क्षेत्रमा काम गर्दै आएको अवस्थामा नयाँ प्रशासकीय भवन सञ्चालनमा आउनुलाई स्थानीय तहको संस्थागत विकासको अर्को महत्वपूर्ण चरणका रूपमा हेरिएको छ ।

स्थानीय तहको प्रशासनिक संरचना बलियो बनाउन भौतिक पूर्वाधारको महत्वपूर्ण भूमिका रहने भएकाले नयाँ भवनले गाउँपालिकाको दीर्घकालीन प्रशासनिक क्षमता विकासमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । गाउँपालिकाले अब नयाँ भवनलाई केवल कार्यालय सञ्चालन गर्ने संरचनाका रूपमा नभई नागरिकमैत्री सेवा प्रवाहको केन्द्रका रूपमा विकास गर्ने जनाएको छ ।

भवन उद्घाटन समारोहमा सहभागी जग्गादाता, जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, पत्रकार तथा समाजसेवीहरूले गाउँपालिकाको विकास र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन सबै पक्षबिच सहकार्य आवश्यक रहेको बताएका थिए ।

नयाँ प्रशासकीय भवनबाट सेवा प्रवाह सुरु भएसँगै छत्रदेव गाउँपालिकाका नागरिकले स्थानीय सरकारबाट प्राप्त गर्ने प्रशासनिक तथा अन्य सेवाहरू थप सहज, व्यवस्थित र प्रभावकारी हुने अपेक्षा गरेका छन् । गाउँपालिकाले आगामी दिनमा प्रविधिमैत्री, पारदर्शी र नागरिककेन्द्रित सेवा प्रवाहलाई प्राथमिकतामा राख्ने जनाएको छ ।

# कृषकका घरघरमा पुगेर पशुको उपचारमा खटिँदै पशु चिकित्सक डा. पन्थी



अर्घाखाँची । सन्धिखर्क नगरपालिका-७ डिहीका स्थानीय कृषक केशव पौडेलका बाख्रामा स्वास्थ्य समस्या देखिएपछि सन्धिखर्क नगरपालिकाका पशु चिकित्सक डा. नवीन पन्थी कृषककै घरमा पुगेर बाख्राको स्वास्थ्य परीक्षण तथा उपचारमा खटिएका छन् ।

बाख्राले दानापानी रुचिपूर्वक नखाने, झोक्काउने तथा हल्का ज्वरो आउनेलगायतका समस्या देखिएपछि कृषक पौडेलले वडा अध्यक्ष चुराबहादुर केसीलाई जानकारी गराएका थिए । जानकारी पाएपछि पशु चिकित्सक डा. पन्थी कृषकको घरमै पुगेर बाख्राको अवस्था बुझ्दै आवश्यक उपचार तथा परामर्श दिएका हुन् । पशु चिकित्सक घरमै पुगेर सेवा दिएपछि कृषक पौडेलले स्थानीय सरकार जनताको घरदैलोमै पुग्ने सरकार हो भन्ने अनुभूति भएको बताए । उनले आफूले केही घण्टाअघि मात्र वडा अध्यक्षलाई फोनमार्फत समस्या जानकारी गराएको र तत्कालै पशु चिकित्सक घरमै आएर उपचार तथा परामर्श दिएको भन्दै स्थानीय सरकारप्रति आभार व्यक्त गरे ।

डा. पन्थीका अनुसार पछिल्लो समय मौसम परिवर्तनसँगै पशुमा यस्ता स्वास्थ्य समस्या देखिन थालेका छन् । उनले कृषकलाई नआत्तिन आग्रह गर्दै पशुमा समस्या देखिएमा जथाभावी चराउन नलैजान, एक स्थानबाट अर्को स्थानमा पशु खरिद-बिक्री वा ओसारपसार नगर्न तथा नजिकैको पशु प्राविधिक वा चिकित्सकसँग आवश्यक परामर्श लिन आग्रह गरेका छन् ।

उनले सन्धिखर्क नगरपालिका कृषकका समस्या समाधान तथा पशु स्वास्थ्य सेवाप्रति सदैव जिम्मेवार रहेको बताए । यसअघि भूमिकास्थान क्षेत्रमा पीपीआर समस्या देखिएपछि संक्रमण फैलिन नदिन तथा अवस्था नियन्त्रणमा नआएसम्म पशु खरिद-बिक्रीमा तत्काल प्रतिबन्ध लगाउने निर्णयसमेत नगरपालिकाले गरेको थियो । नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठको अगुवाइमा पशु स्वास्थ्य सुरक्षाका लागि आवश्यक कदम चालिएको नगरपालिकाले जनाएको छाकृषकका घरमै पुगेर पशु उपचार तथा प्राविधिक परामर्श दिन थालिएसँगै स्थानीय तहबाट प्रदान गरिने पशु स्वास्थ्य सेवा थप प्रभावकारी र किसानमैत्री बन्दै गएको देखिएको छ ।

# रोल्पा अस्पतालमा अवरुद्ध शल्यक्रिया सुरु



रोल्पा । रोल्पा अस्पतालमा गएको एक महिनादेखि अवरुद्ध रहेको जटिल प्रसूति सेवा तथा सामान्य शल्यक्रिया सेवा पुनः सुचारु भएको छ । निक साइमन इन्स्टिच्युटले असार मसान्त सकिएसँगै रोल्पा अस्पतालमा उपलब्ध गराउँदै आएको एमडिजीपीसहितको चिकित्सकीय सेवा फिर्ता लिएपछि साउन १ गतेदेखि शल्यक्रिया सेवा रोकिएको थियो ।

रोल्पा अस्पतालमा कन्सल्टेन्ट जनरल फिजिसियन डा. सुरज पोखरेल, कन्सल्टेन्ट एमडीजीपी डा. प्रदीप चालिसे र एनेस्थिसिया असिस्टेन्ट बालकुमारी रानामगर आएसँगै सोमबारदेखि सेवा सुचारु भएको सूचनामार्फत जानकारी गरिएको हो । अन्य मेडिकल अधिकृतहरुबाट सेवा सुचारु गर्न सकिने भए पनि एनेस्थिसिया असिस्टेन्ट नहुँदा बिरामीलाई बेहोस बनाउन समस्या भएको र त्यसैकारण पनि शल्यक्रियाका कामहरु अवरुद्ध भएका थिए । सोमबारदेखि भने जटिल प्रकृतिका प्रसूति तथा अन्य शल्यक्रिया सेवा सुरु भएको अस्पतालका सूचना अधिकारी कुलबहादुर डाँगीले जानकारी दिए ।

# खपटे किरो र सिलसाको सङ्क्रमणले मौरीका घार रित्तिँदै

राँझा (बाँके) । मह उत्पादनका लागि पालिएका मौरी खपटे किरोको सङ्क्रमणले मर्न थालेपछि यहाँका मौरीपालक किसान चिन्तित भएका छन् । खपटे किरोले घारमै मौरीको खानेकुरा, फूल र लार्भा खाइदिएका कारण मौरी रित्तिने अवस्था आएको छ ।

का ेहलपुरस्थित मौरीपालक किसान पुरमल बस्नेतले भने-"अहिले मौरीका लागि सङ्कटकालजस्तै भएको छ, खपटे किरोले मौरीको खाने कुरा, फूल र लार्भा खाइदिएका कारण मौरी जोगाउनै कठिन भएको छ । बाहिर आउँदा चराको आक्रमण छ भने घारभित्र खपटे कीराको सङ्क्रमण बढ्दो छ ।"

मौरीलाई खानपानको व्यवस्था गर्न सकिएन भने मौरीको घारमा किसानले ठूलो नोक्सानी बेहोर्नुपर्ने उल्लेख गर्दै बस्नेतले यसतर्फ सरोकारवाला निकायले ध्यान दिनुपर्ने बताए ।

एक सय घार मौरीपालन गर्दै आएका बढैयाताल गाउँपालिका मैनापोखर बर्दिया निवासी मौरीपालक किसान घनश्याम खत्रीले वर्षायाम मौरीको खाना अभाव हुने समयमा खपटे कीरा र सिलसाको सङ्क्रमणले मौरी जोगाउनै कठिन भएको जनाए । उनका अनसार विगत दुई महिनादेखि मौरीको घारमा यो समस्या देखिएको छ । उपचारका लागि घरेलु विधि अपनाए पनि प्रभावकारी हुन सकेको छैन । "एउटा घारमा १० वटा 'फ्रेम' हुन्छ त्यसमध्ये दुईदेखि तीन फ्रेम खाली भएको छ ।"- खत्रीले भने ।

## आवश्यकता

**प्रकाशित मिति : २०८३/०५/०१**

मोतीपुर माध्यमिक विद्यालय, बुटवल-१७ को विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/०१ गतेको बैठकको निर्णय अनुसार बुटवल उपमहानगरपालिकाको मिति २०८३/०३/२४ गतेको च.नं ४७६५ को प्राप्त पत्र बमोजिम बुटवल उपमहागरपालिकाबाट तलब भत्ता पाउने गरी नगर अनुदानमा १ स्टाफ नर्सको दरबन्दी प्राप्त भएकोले सो दरबन्दीमा पदपूर्ति गर्न निम्न अनुसार विज्ञापन गरिएको छ र आवश्यक योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ ।

१. विज्ञापन नं. ०१/२०८३
२. पद संख्या : १ (एक)
३. पद : विद्यालय नर्स
४. प्रकार : नगर अनुदान
५. नियुक्तिको प्रकार : करार
६. न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स उत्तीर्ण, नेपाल नर्सिङ् काउन्सिलमा दर्ता र नविकरण भएको ।
७. निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि
८. दरखास्त दस्तुर : रु. १०००।–
९. दरखास्तको मिति : २०८३/०५/०१ गते देखि २०८३/०५/१५ गते दिउँसो ४:०० बजे सम्म ।
१०. दरखास्त दिने स्थान : विद्यालयको कार्यालय
११. सम्पर्क मिति : २०८३/०५/१६ गते
१२. परीक्षाको किसिम : लिखित र अर्न्तवार्ता
१३. तलब भत्ता : बुटवल उपमहानगरपालिकाको निर्णय अनुसार
१४. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
१५. परीक्षा हुने मिति र स्थान : सम्पर्क मितिमा जानकारी गराइने ।

द्रश्टब्यः अन्तिम दिन सार्वजनि विदा परेमा विद्यालय खुलेको दिनलाई मानिनेछ ।
सम्पर्क नं. ९८५७०५३६१७, ९८५७०२६४९२, ९८६७१७२९०२

**श्री मोतीपुर माध्यमिक विद्यालय**
**बुटवल उप–महानगरपालिका–१७, मोतीपुर, रूपन्देही**

**मन्त्रीलाई...**

उनले भनेका छन्-'मन्त्रीज्यूहरू तपाईंहरूका भिडियो र प्रचारले जनता खुसी हुँदैनन् । जनताको घर घरमा मन्त्री पुग्ने होइन । सरकारका कारण समस्या समाधान भएको अनुभूति पुग्नुपर्छ ।'

उनले थपेका छन्-'देश नघुम्नुस्, देशको समस्या समाधान गर्नुस् ।'

पछिल्लो समयमा मन्त्रीहरू जिल्ला भ्रमणका छन् । जिल्ला भ्रमणका क्रममा मन्त्रीहरूले आगामी स्थानीय तहको चुनाव केन्द्रित अभिव्यक्ति दिने र रास्वपाका उम्मेदवारलाई आगाम चुनावमा मत दिन आग्रह गरिरहेका छन् । यो पृष्ठभूमिमा रास्वपाकै सांसदहरूले मन्त्रीहरूको कार्यशैली र देश दौडाहप्रति प्रश्न उठाएका हुन् ।

**सांसद ...**

जहाँ भनिएको छ-'अघिल्लो बैठक र प्रारम्भ हुन लागेको बैठक बीचको अवधिको कुनै गम्भीर प्रकृतिको घटना वा विषयको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउन सदस्यले ढ्याप ढ्याप गरी समय माग गरेमा सभामुखले आकस्मिक समय उपलब्ध गराउन सक्नेछ ।'

आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा दिनुपर्ने व्यवस्था यसैमा छ ।

तर सांसद खरेलले उठाएको विषय प्रतिनिधिसभा नियमावलीको यो नियम अनुसार आकस्मिक समयमा नपरेको भनेर सभामुख अर्यालले रोकेका हुन् ।

कानूनका ज्ञाता भनेर चर्चा बटुलेका सांसद खरेलले आकस्मिक समयमा के विषय उठान गर्न हुन्छ र के हुन्न भन्ने पनि जानकारी र हेक्का नभएर ९ महिना समय बांकी नै रहेको स्थानीय तहको निर्वाचनको विषय आकस्मिक समयमा उठाएर आफैँ आलोचित र लज्जित हुनुपरेको संसदीय मामलाका जानकारहरुले टिप्पणी गरेका छन् । सांसद खरेल गत भदौको जेनजी आन्दोलनका बेला सर्वोच्च अदालत जलेकोमा खुशी व्यक्त गरेको स्टाटस लेखेर विवादित बनेका थिए । अदालतमा न्यायाधीशले त्यही विषय उठाएर वहस गर्न रोकेपछि उनी जवाफ दिन नसकेर ढलेका थिए । खरेल रुपन्देही २ बाट एमाले नेता विष्णु पौडेल र कांग्रेसका चुन्नप्रसाद पौडेललाई फराकिलो मतान्तरले हराउँदै चुनाव जितेका हुन् ।

स्थानीय तहको कार्यकाल २०८४ बैशाखसम्म छ । रास्वपाकै अन्य मन्त्रीहरुले समेत ९ महिना अगावै स्थानीय चुनावको विषय उठाउंदै मतदातालाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेका छन् ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# लुम्बिनीमा प्रदेशस्तरीय जलवायु तालिम सम्पन्न




भैरहवा । लुम्बिनी प्रदेशका रूपन्देही र कपिलवस्तु जिल्लाका १२ वटा स्थानीय तहका प्रतिनिधिहरूले जलवायु परिवर्तनको बढ्दो असरलाई सम्बोधन गर्न र विपद् जोखिम न्यूनीकरणका लागि सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन् । हेल्पिङ ह्यान्डको आर्थिक सहयोग तथा ह्युमान रिलिफ अर्गनाइजेशन नेपालको आयोजनामा रुपन्देहीमा श्रावण २७ र २८ गते सञ्चालित दुई दिने प्रदेशस्तरीय जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण तालिमको समापनका अवसरमा सहभागी पालिकाहरूले घोषणापत्र जारी गरेका हुन् ।

तालिम विशेष गरी स्थानीय तहका विपद् सम्पर्क व्यक्ति, सम्बन्धित शाखाका कर्मचारी तथा स्थानीय जनप्रतिनिधिहरूलाई लक्षित गरी आयोजना गरिएको थियो । दुई दिनसम्म चलेको प्रशिक्षण सत्रहरूमा विपद् तथा जलवायु क्षेत्रका विज्ञ प्रशिक्षक नवीन दाहालले मुख्य सहजीकरण गरेका थिए । उनले स्थानीयस्तरमा देखिने विपद्का जोखिमहरूको सही व्यवस्थापन, जलवायु परिवर्तनका विश्वव्यापी तथा स्थानीय प्रभाव, अनुकूलनका उपायहरू र जोखिम न्यूनीकरणका व्यावहारिक विधिहरूबारे विस्तृत रूपमा व्यावहारिक ज्ञानबारे प्रशिक्षण दिएका थिए ।

कार्यक्रमको समापन समारोह ह्युमान रिलिफ अर्गनाइजेशन नेपालका अध्यक्ष अब्दुल अजिजको अध्यक्षतामा भएको समापन समारोहमा हेल्पिङ ह्यान्डका म्यानेजर जीव पोखरेल, संस्थाका इआरडिएम हेड तथा मिडिया हेड रब्बानी आलम लगायत विभिन्न सामाजिक तथा नागरिक समाजका प्रतिनिधि र अतिथिहरूको उपस्थिति रहेको थियो । समारोहमा बोल्दै अतिथिहरूले जलवायु परिवर्तनको असर कुनै एउटा निश्चित भूगोल वा पालिकामा मात्र सीमित नहुने भएकाले यसको सामना गर्न छिमेकी पालिकाहरूबीच समन्वय र सहकार्य अनिवार्य रहेको धारणा व्यक्त गरेका थिए ।

तालिमको सबैभन्दा महत्वपूर्ण र दूरगामी उपलब्धिको रूपमा १२ वटा पालिकाका प्रतिनिधिहरूद्वारा सर्वसम्मतिमा स्वीकृत संयुक्त जलवायु प्रतिबद्धता घोषणापत्र सार्वजनिक गरिनु रहेको छ । उक्त घोषणापत्रमार्फत् सहभागी पालिकाहरूले आ-आफ्नो क्षेत्रको विकास निर्माण, योजना तर्जुमा तथा वार्षिक नीति र बजेटमा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका विषयहरूलाई पहिलो प्राथमिकताका साथ समावेश गर्ने दृढ संकल्प व्यक्त गरे ।

घोषणापत्रमा विपद्को समयमा जनधनको क्षति कम गर्न अत्याधुनिक बहुप्रकोप पूर्वसूचना प्रणालीलाई तल्लो तहसम्म सुदृढ र पहुँचयोग्य बनाइने साथै, विपद्पश्चात् सञ्चालन गरिने राहत, उद्धार तथा पुनरोत्थानका कार्यक्रमहरूलाई पूर्ण रूपमा निष्पक्ष, पारदर्शी, समान र समावेशी बनाउने प्रतिबद्धता जनाइएका छन् । जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी प्रभावित हुने वर्गहरू महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सीमान्तकृत समुदायको अधिकार र आवश्यकतालाई मध्यनजर गर्दै जलवायु र विपद् व्यवस्थापनका प्रत्येक चरणमा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने संकल्प घोषणापत्रमा गरिएको छ ।

आयोजकले यो घोषणापत्र केवल एउटा तालिम वा कार्यक्रमको समापनमा सीमित रहने औपचारिक दस्तावेज मात्र नभएर जलवायु कार्यलाई स्थानीय सरकारको दैनिक नीति, योजना र व्यवहारमा रूपान्तरण गर्ने एउटा दीर्घकालीन साझा प्रतिबद्धताको सुरुवात भएको जनाएको छ । सहभागी प्रतिनिधिहरूले आगामी दिनमा आफ्ना पालिकाभित्र वातावरणमैत्री कार्यक्रमहरू सञ्चालन गर्ने, हरित विकासका अवधारणालाई प्रवर्द्धन गर्ने, दिगो जीवनशैली अपनाउन समुदायलाई प्रेरित गर्ने र प्राकृतिक स्रोत साधनको विवेकपूर्ण संरक्षणमा जोड दिने अठोट व्यक्त गरेका छन् । १२ पालिकाको यो एकीकृत र सामूहिक पहलले लुम्बिनी प्रदेशमा बढ्दो जलवायु जोखिमको सुदृढ सामना गर्न, स्थानीय नेतृत्वको क्षमता अभिवृद्धि गर्न र आपसमा अनुभव आदानप्रदान गर्दै एउटा सुरक्षित, समावेशी तथा उत्थानशील समुदाय निर्माण गर्न कोशेढुङ्गा साबित हुने विश्वास लिइएको छ ।

# कृषकको खेतीपाती जोगाउँदै वडा कार्यालय



कृष्ण पोखरेल
*पाल्पा*

पाल्पालगायत पहाडी क्षेत्रका बस्तीमा बाँदर, दुम्सी, बँदेल, मृग, खरायोलगायतका जंगली जनावारले खेतीपातीमा ठुलो नोक्सान पुर्‍याउँदै आएका छन् । जंगली जनावरको कारण बस्ती नै खाली हुन थालेपछि पाल्पा रिब्दीकोट गाउँपालिका वडा नं. १ ख्याहाले गाउँ-गाउँमा बाँदर हेरालु कर्मचारीदेखि, कृषकको बारीमा काँडेतार जाली लगाएर जंगली जनावर नियन्त्रणको नमूना काम गरेको छ ।

अहिले मकै खेतीको मुख्य सिजन हो । चैत्र बैशाखमा लगाएको मकै अहिले फल्ने, दाना हाल्ने समय हो । जंगली जनावार बाँदर, बँदेलको संख्या अत्याधिक वृद्धिसँगै कृषकले लगाएको मकैलगायत अन्नबालीमा ठुलो नोक्सान पुर्‍याउँदै आएको छ । केन्द्रीय सरकारलाई बाँदर तथा बँदेल जस्ता जंगली जनावर नियन्त्रणको लागि कृषकहरुले आवाज उठाए पनि कहि कतैबाट सुनुवाइ हुन सकेको छैन । पाल्पाको रिब्दीकोट गाउँपालिका वडा नं. १ ख्याहा वडा कार्यालयले २०८० सालदेखि प्रत्येक वर्ष बाँदरलाई नौ/दश जनाका दरले हेरालु कर्मचारी खटाएर कृषकको मकै खेती जोगाउने अभियानमा लागेको छ। यो वर्ष वडा कार्यालयले साउन भदौको लागि बाँदर लाग्ने वडाको धैरेनी मेयालपानी क्षेत्रमा ९ जना हेरालु राखेर मकै खेती रेखदेख गर्दै आएको छ। ख्याहाको धैरेनी मेयालपानी, रातामाटा कोटफेरालगायतका क्षेत्रमा ६ जना र जोगिथुम क्षेत्रमा ३ जना गरी ९ जना हेरालु राखेर बाँदर धपाउने कामले कृषकलाई रातह मिलेको बाँदर हेरालु विष्णुबहादुर सुनारले बताए ।

बाँदर हेरालुहरु बिहान ५ बजेदेखि राति ८ बजेसम्म निरन्तर कृषकको मकैबारी क्षेत्रमा खटिँदै आएका छन् । वडाले बाँदर हेरालुलाई गुलेली, नक्कली बन्दुक, गोला बारुदलगायतका सामग्रीहरु समेत उपलब्ध गराउँदै आएको छ । बाँदर हेरालु कार्यक्रमले स्थानीयस्तरमा मकै खेती जोगाउन सहयोग मिलेको र केहिले गाउँमै रोजगारी समेत पाएको स्थानीय रामप्रसाद न्यौपानेले बताए ।

दिउँसोमा हेरालुको कारण ख्याहा कृषकको मकै खेती बाँदरबाट जोगिएको छ भने रातीमा बँदेल, दुम्सी, मृग घोरललगायतका जनावारहरु काँडेतार र जालीबाट भित्र पस्न नपाउँदा ख्याहाका कृषकहरुलाई राहत मिलेको छ । गाउँमा ठुलो संख्यामा बाँदर आउँदा कृषकका घरपरिवारका सदस्यहरुले पनि बाँदर धपाउन सहयोग गर्दै आएका छन् भने अन्य समयमा हामी हेरालुबाटै बाँदर धपाउने काम हुँदै आएको तिलबहादुर सुनारी मगरले बताए ।

मकै खेती जोगाउन जेठ महिनादेखि भदौसम्म बिहान ४ बजेदेखि राती ८ बजेसम्म बारीमा बाँदर धपाउन बस्नु पर्ने बाध्यता ख्याहावासीमा थियो । विगत २०८० सालदेखि वडा कार्यालयबाट हेरालुले व्यवस्था भएपछि धेरै सजिलो भएको स्थानीय सूर्यबहादुर विकले बताए । एक वर्षअघिसम्म रातिमा मृग, दुम्सी र बदेलले बाली खाए हैरान पार्दथ्यो अहिले जाली लगाएपछि रातिमा जंगली जनावर आएर बालीनाली नोक्सान गरेको छैन भने वडा कार्यालयले गरेको सहयोगले कृषकहरुलाई राहत मिलेको, खेतीबाली जोगिएको स्थानीय ख्याहा धैरेनीका कृषक शंकरबहादुर सुनारले बताए ।

रिब्दीकोट गाउँपालिका वडा नं. १ ख्याहाको बाँदर लाग्ने क्षेत्रका स्थानीय बासिन्दाको मागअनुसार वडा कार्यालयले विगत ५ वर्षदेखि बाँदर हेरालु राख्दै आएको छ । वडा कार्यालय बाँदर लाग्ने क्षेत्रका कृषकहरु बिच एक आपसमा प्रतिष्पर्धा गराएर बलिया फुर्तिला व्यक्तिहरु छनौट गरेर २ महिनाको लागि बाँदर हेरालु जागिरेको रुपमा नियुक्त गरी कृषकको मकै लगाएको खेतबारीमा खटाएको छ । गत वर्षदेखि वडा कार्यालयले कृषकको खेती क्षेत्रमा ७ फिटको १६० मिटरमा काँडेतार जाली लगाएर जंगली जनावर नियन्त्रणमा अर्को महत्पूर्ण काम गरेको छ।। मेयालपानी र आरुखर्कसम्म काँडे जाली लगाउनु पर्ने स्थानीवासीको माग रहेको छ । स्थानीय जनताको मागअनुसार वडा कार्यालय चालु आर्थिक वर्षमा थप ५ सय मिटर क्षेत्रमा काँडेतार जालीको बजेट बिनियोजन गरेको वडा अध्यक्ष चिरञ्जिवी पोखरेलले बताए । वडा कार्यालयले गत वर्ष मात्र नमूनाको रुपमा जंगली जनावरले अत्याधिक दुःख दिने स्थानमा काँडेतार जाली लगाएको छ, जसले गर्दा बाँदर जालीमा चढ्न समेत कठिनाई हुने, रातिमा आउने बँदेर, दुम्सी, मृग, घोरल, खरायो जस्ता जनावर नियन्त्रणमा आएको स्थानीयवासीको भनाइ रहेको छ ।

एकातर्फ पहाडी क्षेत्रमा जंगली जनावरकै कारण अधिकांश खेतीयोग्य जमिन दिनहुँ बाँझो बन्दै गएको छ भने अर्कोतर्फ खेतीपाती गर्दै आएका कृषकहरुलाई बाँदर, बँदेल, दुम्सी, मृग, घोरल, जंगली खरायोका कारण उठिवास लगाएको छ। यस्तो अवस्थामा रिब्दीकोट गाउँपालिका वडा नं. १ ख्याहाले बाँदर हेरालु र खेतीयोग्य जमिनको छेउँमा काँडेतार जाली लगाएर कृषकहरुलाई राहत प्रदान गरेको छ । वडा कार्यालयले गरेको बाँदर धपाउने, बारीमा काँडेतार जाली लगाउने नमूना कार्यले ख्याहा पाल्पाका कृषकहरु खुसी भएका छन् । यस्ता नमूना कार्य अन्य वडा कार्यालयबाट भएका कृषकहरुलाई ठुलो राहत मिल्ने देखिन्छ ।

# झिमरूकको सडकमा लापरबाही, निर्माणाधीन वालमै माटोको लेदो



प्यूठान । वर्षौंदेखि बजेट अभावका कारण अलपत्र परेको झिमरुक गाउँपालिका-३ स्थित बतासेडाँडा-मच्छी सडकखण्ड निर्माणका क्रममा ठेकेदारको चरम लापरबाही भेटिएको छासडक निर्माणअन्तर्गत बनिरहेको पलाम वालमा लेदो र माटो भेटिएको छ ।

संघीय समपूरक बजेटमार्फत् झिमरुक गाउँपालिकाका लागि ९ करोड १० लाख रुपैयाँ विनियोजन गरिएको थियो । सोही बजेटबाट सडकको कटिङ, चौडा पार्ने, पलाम वाल तथा जालीलगायतका काम गर्न हरियाली निर्माण सेवा, प्यूठानले ठेक्का सम्झौता गरेको हो ।

निर्माण कम्पनीले आर्थिक वर्ष २०८२/०८३ मा १ करोड ७१ लाख रुपैयाँ बराबरको काम गर्नुपर्ने कम्पनीका साइट इञ्चार्ज बिराजन गिरीले बताए । तर निर्माणाधीन पलाम वालको संरचनाभित्रै माटोको लेदो र ढुंगा प्रयोग भएको भेटिएपछि निर्माणको गुणस्तरमाथि चरम लापरवाही देखिएको छ । क्रसरको सामग्री रोकिएका कारण खोलाबाट ल्याइएको सामग्री प्रयोग गर्दा यस्तो देखिएको निर्माण इञ्चार्ज गिरीले बताए । तर सडकको महत्वपूर्ण संरचना मानिने वाल निर्माणमा मापदण्डविपरीत सामग्री प्रयोग भएको हुँदा ठेकेदारको लापरबाही मात्र होइन,पालिकाले निर्माणको अनुगमन र गुणस्तर परीक्षणमाथि प्रश्न उठेको छ ।

निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग भएको जानकारी पाएपछि झिमरुक गाउँपालिकाको पूर्वाधार शाखाले तत्काल काम रोक्न निर्देशन दिएको छ । शाखा प्रमुख इञ्जिनियर अशोक जिसीले निर्माण कम्पनीलाई तत्कालका लागि काम रोक्न आदेश दिएको बताए ।

स्थानीय पूर्वाधारमा करोडौं रुपैयाँ खर्च भइरहेका बेला निर्माण कम्पनीले 'क्रसरको माल रोकिएको' भन्दै खोलाको सामग्री प्रयोग गर्नुले ठेक्का सम्झौता र प्राविधिक मापदण्डको पालना कति भइरहेको छ भन्ने प्रश्न उब्जाएको छ ।

यस विषयमा थप जानकारीको लागि झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाललाई सम्पर्क गर्न खोज्दा उनको मोवाइलमा घन्टी बज्यो तर उठेन । वर्षौंदेखि सडकको समस्या झेल्दै आएका स्थानीयले गुणस्तरीय र टिकाउ सडकको अपेक्षा गरेका छन् । तर निर्माणकै क्रममा संरचनाभित्र माटो र लेदो भेटिनुले सडक बनेपछि कति समय टिक्ला भन्ने चिन्ता थपिएको स्थानीयको भनाइ छ ।

# तिलोत्तमा-८ मा तनाव व्यवस्थापन प्रशिक्षण




तिलोत्तमा । पछिल्लो समय आम नागरिकमा देखिने तनावको समस्य कम गराई स्वस्थ समाज बनाउने उद्देश्यले तिलोत्तमा ८ मा तनाव व्यवस्थापन प्रशिक्षण सम्पन्न भएको छ । संगम टोल विकास संस्थाको आयोजना र संगम दिदी बहिनी समूहको सह-आयोजनामा कार्यक्रम भएको हो ।

कार्यक्रममा मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले व्यक्तिमा तनाव कम गराउने सम्बन्धी प्रशिक्षण दिएका छन् ।

प्रशिक्षक अधिकारीले हरेक परिवारका सबै सदस्यले बिहानमा नियमित योगा तथा शारीरिक व्यायाम गर्ने, सन्तुलित खानपान र पर्याप्त पानी पिउने, सकारात्मक सोंच र व्यवहार गर्ने, मदिरा, धूम्रपान जस्ता स्वास्थ्यलाई हानि गर्ने पदार्थ सेवन गर्न नगर्ने हो भने तनाव स्वतः कम हुने बताए ।

तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले रिसका कारण तनाव उत्पन्न हुने भएकाले कोही पनि रिसाउन नहुने सुझाव दिए । नगर प्रमुख खांणले तिलोत्तमा नगरवासीहरु कोही पनि रिसाउन नहुनेमा जोड दिए । रिसका कारण नै परिवार र समाजमा झगडा तथा विवादहरु हुने र त्यसले तनाव सिर्जना गर्ने भएकाले रिसलाई नियन्त्रण गर्नु नै तनावको सही उपचार हुने स्पष्ट पारे । नगरलाई मानवताको नगर बनाउन पनि तनाव व्यवस्थापन जरुरी हुने उनले बताए ।

तिलोत्तमा ८ का वडाध्यक्ष कृष्ण पौडेलले पछिल्लो समय घर घरमा विभिन्न कारणले तनावको समस्या देखिएको बेला टोल विकास र संस्था र दिदी बहिनी समूहले टोलवासीका लागि तनाव व्यवस्थापन प्रशिक्षण आयोजना गर्नु ज्यादै सकारात्मक रहेको भन्दै कार्यक्रम आयोजनाको खर्च नगरपालिकाले व्यवस्थापन गर्ने जनाए ।

नगर प्रमुख खाँणले समेत कार्यक्रमको खर्चको भार टोल विकास संस्थालाई नपार्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा टोल विकास संस्थाका अध्यक्ष बाबुराम खरेल, उपाध्यक्ष संगिता घिमिरे, सचिव जिवराज न्यौपाने, संगम दिदी बहिनी समूहकी सचिव गीता शर्मालगायतले टोलवासीको मागअनुसार विभिन्न रचनात्मक र सामाजिक कार्यक्रमहरु गर्दै आएको र भविष्यमा पनि निरन्तरता दिने बताए । कार्यक्रममा टोलवासीहरुको उत्साहजनक उपस्थिति रहेको थियो ।

समाजमा गरिबी, बेरोजगारी, परिवारमा न्यून आम्दानी तर महँगीका कारण खर्च बढी, घरायसी विवाद, सम्बन्धमा समस्या, कामको बोझ,पर्याप्त निद्रा नहुनु जस्ता कारणले व्यक्तिमा तनावको समस्या हुने चिकित्सकहरुको भनाइ छ ।

साक्षर समाज–सक्षम राष्ट्र
अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।
शिक्षा:
- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि.
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि, - सामाजिक विकास र समृद्ध राष्ट्को लागि ।
नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com